Final document
2082-04-15

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

# बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति

# तथा

# कार्यान्वयन कार्ययोजना

# २०८२

सचिव

१. पृष्ठभूमि

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। कानूनतः उमेर नपुगी गरिने विवाह गैरकानूनी मानिन्छ। बालबालिकाको शिक्षा, प्रजनन स्वास्थ्य र बाल अधिकारलाई ध्यानमा राखी नेपालको मुलुकी अपराध संहिता,२०७४ ले विवाहको लागि २० वर्षको न्यूनतम उमेर तोकेको छ।

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक मौलिक हकको रूपमा रहेको छ। बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइनेछैन, यसको विपरित कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने समेतका मौलिक हकको व्यवस्था गरेको छ। नेपालको संविधान; राष्ट्रिय बालबालिका नीति,२०८०; मुलुकी अपराध संहिता,२०७४; बालबालिका सम्बन्धी ऐन,२०७५ तथा बालबालिका सम्बन्धी नियमावली, २०७८; स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र बालविवाह विरुद्धको रणनीति,२०७२ बालविवाह अन्त्यका लागि कार्यान्वयनमा रहेका छन्।

नेपालले बालबालिकाको हक र अधिकारको सुनिश्चितताको लागि बाल अधिकारसम्बन्धी महासन्धि, १९८९(CRC) र महिलामाथि हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने महासन्धि, १९७९ (CEDAW) लाई अनुमोदन गरी बालबालिका र महिलाको अधिकार कार्यान्वयनको लागि प्रतिबद्धता जनाएको छ। दिगो विकासको लक्ष्य (SDG) (सन् २०१६-२०३०) लगायत मानव अधिकार र बाल अधिकारसँग सम्बन्धित दस्तावेजहरूलाई नेपालले अङ्गीकार गरेको छ।

२. विगतका प्रयास र मौजुदा व्यवस्था

२०७२ सालमा नेपालको संविधान जारी हुनुपूर्व तर्जुमा भएको बालविवाह विरुद्धको रणनीति,२०७२ बमोजिम बाल विवाह अन्त्यका लागि काम कारवाही हुँदै आएका थियो । उक्त रणनीतिमा साविकका बालबालिकासम्बन्धी ऐन,२०४८; बालबालिका सम्बन्धी नियमावली,२०५१; बालबालिका सम्बन्धी नीति,२०६९; सहश्राब्दी विकास लक्ष्य (MDG) वमोजिमका प्रावधानका आधारमा तर्जुमा भएको थियो। नयाँ संविधान जारी भए पश्चात संघीयताको कार्यान्वयन, बालबालिका सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्थामा भएको परिवर्तन, दिगो विकास लक्ष्य (**SDG**) मा नेपालले जनाएको प्रतिवद्धता समेतमा व्यवस्था भए बमोजिम निकायगत जिम्मेवारी तथा स्रोत साधनको परिचालन गरी बाल विवाहको अन्त्य गर्न नयाँ रणनीतिगत व्यवस्था गर्न आवश्यक रहेको ।

३. वर्तमान स्थिति

राष्ट्रिय जनगणना२०७८ अनुसार नेपालमा १८ देखि २० वर्षको उमेरमा ३४.४ प्रतिशत, १५ देखि १७ वर्षको उमेरमा २२.३ प्रतिशत, १० देखि १४ वर्षको उमेरमा ७ प्रतिशत र १० वर्षमुनिको उमेरमा ०.३ प्रतिशत मानिसको पहिलो विवाह भएको देखिएको छ। नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०७९ अनुसार नेपालमा २० देखि २४ वर्ष उमेर समूहका ३४.९ प्रतिशत

महिला र ७ प्रतिशत पुरुषको विवाह १८ वर्षमा भएको देखिएको छ। १५ देखि १९ वर्ष उमेर समूहका किशोरीमध्ये अविवाहित ७८.४ प्रतिशतमात्र उल्लेख भएबाट २१.६ प्रतिशतको विवाह भएको र यसमध्ये २.८ प्रतिशतको १५ वर्षको उमेरमा नै विवाह भएको देखिन्छ। आर्थिक अवस्था सबल भएका भन्दा कमजोर रहेका महिलाहरूको औसत एक वर्ष कम उमेरमै विवाह भएको देखिएको छ। नेपालका केही स्थानहरूमा बालविवाहको दर उच्च रहेको पाइएको छ। मधेशी समुदायका साथै सीमान्तकृत समूह जस्तैः दलित, जनजाति र मुस्लिम समुदायमा अन्य समुदायको तुलनामा बालविवाह उच्च रहेको देखिन्छ।

यसै गरी स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०७९/८० अनुसार १५ देखि १९ वर्षका कुल किशोरीमध्ये १७ प्रतिशत आमा बनिसकेका वा गर्भवती भएको पाइएको छ भने आ.व. २०७८/७९ मा ६ हजार ६ सय ४५ जना किशोरीले सुरक्षित गर्भपतन गरेको तथा ८४ हजार ७ सय ७३ जना किशोरीले सुरक्षित मातृत्व सेवा लिएको देखिनुले पनि बालविवाहको व्यापकता रहेको पुष्टि गर्दछ।

## ४. रणनीतिको औचित्य र आवश्यकता

२०७२ सालमा नेपालको संविधान जारी भए पश्चात तीन तहको शासकीय संरचना रहने गरी नेपालको शासकीय प्रणालीमा परिवर्तन आएको र साविकका कानूनी तथा नीतिगत प्रवन्धमा समेत परिवर्तन भएको सन्दर्भमा बालविवाह विरुद्धको रणनीति, २०७२ मा पनि समयानुकुल परिवर्तन गर्न आवश्यक देखिएको छ। बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९८९ को प्रभावकारी कार्यान्वयन तथा दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपालले गरेको प्रतिवद्धता बमोजिम सन् २०३० सम्ममा बाल विवाह लगायतका हानिकारक सामाजिक अभ्यासको अन्त्य गर्न आवश्यक रहेकोले सरकारी संयन्त्र, विकास साझेदार संस्था, गैरसरकारी संस्था, सामाजिक संघसंस्था तथा नागरिक समाज समेतको सहकार्यमा सन् २०३० सम्ममा बाल विवाह अन्त्य गर्न आवश्यक देखिएकोले यो रणनीति तर्जुमा गरिएको छ ।

## ५. सिद्धान्त

नेपालको संविधान प्रदत्त बालबालिका मौलिक हकहरु, बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि लगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु, तथा बालबालिका सम्बन्धी प्रचलित नेपाल कानूनहरु समेतका आधारमा यो रणनीति तर्जुमा तथा कार्यान्वयन गर्न देहाय बमोजिमका सिद्धान्तहरु अवलम्वन गरिएको छ ।

**५.१ समानताको अधिकारः** बालबालिकालाई लिङ्ग, धर्म, उमेर, जातीयता, सामाजिक तथा आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृति, शारीरिक अवस्था, यौनिक अभिमुखीकरण वा कुनै पनि आधारमा भेदभाव नहुने गरी समान अधिकार हुने;

**५.२ बालबालिकाको सर्वोत्तम हित:** बालबालिकासँग सम्बन्धित विषय वा बालबालिकालाई प्रभाव पार्ने कुनैपनि निर्णय गर्दा परिवार, समुदाय वा राज्यका तीनै तहका सरकारले बालबालिकाकोसर्वोत्तम हित सुनिश्चित गर्ने;

सचिव

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

**५.३ बाल बचाउ र विकासः** प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा उच्चतम स्तरको जीवनयापनको अधिकार सुनिश्चित गर्ने;

**५.४ संरक्षणः** बालविवाह, बेचबिखन तथा ओसारपसार, बाँधा बनाउने लगायत सबै प्रकारका दुर्व्यवहार, भेदभाव, शोषण, यातना, हिंसाजस्तापरम्परागत हानिकारक अभ्यासहरू र बेवास्ताबाट प्रत्येक बालबालिकालाई संरक्षित गर्ने;

**५.५ अर्थपूर्ण सहभागिताः** परिवार, विद्यालय, समाज र राज्य संयन्त्रले बालबालिकासँग सरोकारका सबै विषयमा उमेर र परिपक्वताअनुरूप निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने;

**५.६ राज्यको दायित्वः** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताबमोजिम बालअधिकार संरक्षण तथा न्यायमा पहुँचको लागि राज्यको क्रियाशीलता र जवाफदेहिता बढाउने;

**५.७ विभेदरहितः** सबै बालबालिकाले समान रूपमा अधिकारको प्रयोग गर्न पाउने सुनिश्चितता हुनेर उनीहरूमाथि कुनै पनि समय वा अवस्थामा विभेदजन्य व्यवहार नगरिने।

## ६. दीर्घकालीन सोच

बालबालिकाको अधिकार सुनिश्चित गर्दै बालविवाह अन्त्य भएको समाज निर्माण।

## ७. लक्ष्य

नेपालमा सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने।

## ८. उद्देश्य

विद्यमान नीतिगत र कानूनी व्यवस्थाको कार्यान्वयन र संस्थागत सुदृढीकरण गर्दै सरकारी, गैरसरकारी निकाय तथा निजी क्षेत्रले प्राथमिकताका साथ लगानीसहितका कार्यक्रम सञ्चालन गरी सबै सरोकारवालाको सामूहिक प्रयासबाट सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने।

## ९. रणनीति

९.१ बालविवाह अन्त्य गर्न प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन र संस्थागत संरचना सुदृढीकरण गर्ने;

९.२ सङ्घ, प्रदेश र स्थानीय तहले बालविवाह अन्त्यका लागि प्राथमिकताका साथ लगानीसहितका कार्यक्रम सञ्चालन गर्ने;

९.३ सबै सरोकारवालाको सामूहिक प्रयासबाट बालविवाह अन्त्य गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

सचिव

१०. कार्यनीतिहरू

**रणनीति ९.१ सँग सम्बन्धित कार्यनीतिहरू:**

१०.१.१ प्रदेश र स्थानीय तहले बालविवाह अन्त्यको लागि प्रदेश र स्थानीय तहका आवश्यकता बमोजिम कार्ययोजना बनाई लागु गर्ने।

१०.१.२ बालविवाहका अन्त्यको क्षेत्रका कार्य गर्ने सार्वजनिक सरोकारवाला निकायको क्षमता अभिवृद्धि गर्ने।

१०.१.३ विद्यालयमा बाल संरक्षण मापदण्ड निर्माण गरी बालविवाहको जोखिम तथा हिंसामा परेका बालबालिकालाई मनोसामाजिक विमर्श सेवा प्रवाह गर्ने।

१०.१.४ बालविवाहको जोखिम तथा हिंसामा परेका बालबालिकालाई मनोसामाजिक परामर्श,उद्धार, संरक्षण तथा व्यवस्थापन, पारिवारिक अवस्थाको सुदृढीकरण लगायतका विषयमा सेवा प्रदायक संस्था तथा निकायको क्षमता अभिवृद्धि गर्ने।

१०.१.५ बालविवाहको जोखिममा रहेका तथा त्यस्तो जोखिमबाट प्रभावित बालबालिकाको घटना व्यवस्थापनको चरणगत प्रक्रिया अनुरूप योजनाबद्ध सेवा प्रवाह गर्न स्थानीय तहका बाल संरक्षण संरचनाको क्षमता अभिवृद्धि गर्ने।

१०.१.६ प्रदेश र स्थानीय तहमा बालविवाहलगायत बालबालिकासम्बन्धी अन्य खण्डीकृत सूचना व्यवस्थापनका लागि बाल संरक्षण सूचना व्यवस्थापन प्रणालीको स्थापना र सुदृढीकरण गर्ने।

१०.१.७ राष्ट्रिय महिला आयोगको हेल्पलाइन ११४५को प्रभावकारिता अभिवृद्धि र पहुँचविस्तार गर्ने।

१०.१.८ विद्यालयमा बालबालिकालाई भर्ना गराउने, टिकाइराख्ने र दक्ष बनाउने मूल ध्येयलाई आत्मसात् गर्दैविद्यालयमा बालिकामैत्री, अपाङ्गतामैत्री र गुणस्तरीय शिक्षा, लैङ्गिक संवेदनशील, पक्षपातरहित, बृहत् यौनिकता शिक्षाको सुनिश्चितता गर्दै बालविवाह सम्बन्धी सामाजिक अन्धविश्वास र हानिकारक अभ्यासको अन्त्य गर्ने।

१०.१.९ सेवा प्रदायकको जवाफदेहीता र क्षमता अभिवृद्धि गरी आवश्यकतानुसार तत्कालै र गुणस्तरीय सेवाप्रवाहका लागि समन्वय र सञ्चार प्रणालीको विकास गर्ने।

१०.१.१० बालविवाहसँग सम्बन्धित कसूरमा सूचना प्राप्त भए पश्चात् प्रहरीलगायत अन्य पक्षबाट कानूनी दायरामा ल्याउने अभ्यासलाई प्रोत्साहित गर्ने।

**रणनीति ९.२ सँग सम्बन्धित कार्यनीतिहरू:**

१०.२.१ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद् लगायत सङ्घीय निकायबाट बालविवाह अन्त्यका लागि गरिएका लगानी, प्रक्रिया

सचिव

र नतिजाको आवधिक अनुगमन र प्रभावसहितको मूल्याङ्कन गरी प्रगति, तथ्याङ्क एवं प्रतिवेदन सार्वजनिक गर्ने।

१०.२.२ प्रदेश सरकारका बालबालिका विषय क्षेत्र हेर्ने विषयगत मन्त्रालय एवं प्रदेश बाल अधिकार समितिले बालविवाहसम्बन्धी लगानी, प्रक्रिया, प्रतिफल र उपलब्धिको आवधिक अनुगमन गर्ने साथैप्रदेशस्तरको वार्षिक प्रतिवेदन तयार गर्ने, बालविवाह मुक्तस्थानीय तह घोषणा गर्न आवश्यक सहयोग र प्रोत्साहन गर्ने।

१०.२.३ सङ्घ, प्रदेश र स्थानीय तहले बालविवाह अन्त्यका लागि आवश्यक नीति तथाकार्यक्रम रबजेटको व्यवस्था गरी आवश्यकता अनुसारका कार्यक्रम सञ्चालन गर्ने।

१०.२.४ स्थानीयतहलेकार्यक्रम सञ्चालन गर्दासामाजिक सङ्घसंस्था, सरोकारवाला निकाय तथा व्यक्तिहरूको सहयोग र सहभागितामा गर्ने।

१०.२.५ राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, थारु आयोग, मधेशी आयोग रमुस्लिम आयोगले बालविवाह अन्त्यका लागि सञ्चालन गरिएका कार्यक्रमहरूको अनुगमन एवंप्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्ने।

१०.२.६ बाल विवाह गरेमा हुने दण्ड र सजायको व्यवस्थाबारे प्रचारप्रसार गर्ने ।

रणनीति ९.३ सँग सम्बन्धित कार्यनीतिहरूः

१०.३.१. अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह, किशोर समूह, युवाक्लब, पुरुष समूह,किशोरकिशोरी समूह, बालक्लब, बालक्लब सञ्जाल, विश्वविद्यालय,धार्मिक तथा सामाजिक अगुवा, धार्मिक/सांस्कृतिक संस्था,माइजन,मौलवी,धामीझाक्री,राजनीतिक दल तथा तिनका भातृसङ्गठन,निर्माण व्यवसायी, निजी क्षेत्र लगायतका व्यक्ति तथा समूहको साझेदारी र सहभागितामा बाल विवाहसँग सम्बन्धितसबै प्रकारका हिंसा,शोषण,दुर्व्यवहार तथा भेदभाव विरुद्धको अभियान सञ्चालन गर्ने।

१०.३.२माध्यमिक तहमा अध्ययनरत बालबालिका तथा किशोर-किशोरीलाई शिक्षा, आयआर्जन तथा पढ्दै कमाउँदै कार्यक्रमतिर उन्मुख गराई आत्मनिर्भर तथा स्वरोजगार बन्न प्रेरित गरी २० वर्ष उमेर पुरा भएपछि मात्र स्वःनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने।

१०.३.३ असल अभिभावकत्व सम्बन्धी ज्ञान, सिप, व्यवहार र सोचको विकासका लागि परिवार तथा समुदायमा सर्वपक्षीय संवाद र अन्तरपुस्ता संवादको माध्यमबाट बालविवाह निषेध गर्न प्रोत्साहन गर्ने।

सचिव

नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

१०.३.४ बालविवाहबाट पर्ने असर र प्रभाव सम्बन्धमा किशोर-किशोरी केन्द्रित कार्यक्रम सञ्चालन गर्ने।

१०.३.५ बालविवाहका कारण विद्यालय छाड्ने दरलाई न्यूनीकरण गर्ने गरी विद्यालय स्तरमा संवाद, वादविवाद, चित्रकला, नाटक, वक्तृत्वकला जस्ता कार्यक्रम सञ्चालन गर्ने।

१०.३.६ बालबालिकालाई यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सूचना तथा सेवाको विषयमा सुसूचित गर्न/गराउन गाउँपालिका/नगरपालिका, स्थानीय स्वास्थ्य संस्था,सञ्चार माध्यमसँग समन्वय र सहकार्य गर्ने।

१०.३.७ बालविवाह अन्त्यको लागि मनोपरामर्शदाता, स्वास्थ्य परामर्शकर्ता,अभिभावकको सहभागिता बढाउन सरकारी, गैरसरकारी एवं निजी क्षेत्रसँग समन्वय र साझेदारी गर्ने।

१०.३.८ बालविवाह अन्त्यका लागि स्थानीय बाल अधिकार समितिले सचेतनामुलक कार्यक्रमको नेतृत्व र अगुवाइ गर्ने।

१०.३.९ अनलाइन माध्यम एवं सामाजिक सञ्जालमार्फत बालविवाहलाई प्रोत्साहित गर्ने व्यक्तिलाई कानून बमोजिम कारबाही गर्ने।

१०.३.१०बालविवाह अन्त्यका लागि गरिएका असल कार्य र उदाहरणीय अभ्यासलाई प्रचारप्रसार गरी प्रोत्साहन गर्ने।

## ११. संस्थागत व्यवस्था

सङ्घ, प्रदेश र स्थानीयस्तरमा अन्तरनिकाय, ठाडो तथा समतलीय समन्वयगरी नीति,योजना तथा कार्यक्रममार्फत बालविवाह अन्त्य गर्न तत् तत् तहहरूमा देहायबमोजिमका संरचनाहरू रहनेछन।

**११.१ राष्ट्रिय समन्वय समितिः** राष्ट्रिय बालबालिका नीति, २०८० बमोजिमको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा रहेको निर्देशक समितिले नै यस रणनीति बमोजिमको राष्ट्रिय समन्वय समितिको कार्य गर्नेछ।

**११.१.१ राष्ट्रिय समन्वय समितिको काम, कर्तव्य र अधिकार**

१. मन्त्रालयहरूले तर्जुमा गर्ने नीति, योजना तथा कार्यक्रममा बालविवाह अन्त्यसम्बन्धी कार्यक्रम समावेश गर्न आवश्यक समन्वय गर्ने।

२. प्रदेश तथा स्थानीय ~~समन्वय~~ कार्यान्वयन समितिबाट नियमित रूपमा प्रतिवेदन प्राप्त गर्ने र बालविवाह अन्त्य सम्बन्धी राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्ने।

३. समितिको बैठक कम्तीमा वर्षमा २ पटक र आवश्यकतानुसार बस्न सक्नेछ। समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ तथा संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा बोलाउन सकिनेछ।

४. बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**११.२ कार्यान्वयन समिति**

**११.२.१केन्द्रिय कार्यान्वयन समिति**

| | |
|---|---|
| प्रशासन महाशाखा प्रमुख, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संयोजक |
| सदस्य-सचिव, राष्ट्रिय बाल अधिकार परिषद् | सदस्य |
| उपसचिव, अर्थ मन्त्रालय | सदस्य |
| उपसचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| उपसचिव, गृह मन्त्रालय | सदस्य |
| उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| उपसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| उपसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| प्रहरी नायब उपरीक्षक स्तरको प्रतिनिधि, प्रहरी प्रधान कार्यालय | सदस्य |
| मन्त्रालयले तोकेको बालबालिकाको क्षेत्रमा क्रियाशील नागरिक समाजको कम्तिमा एकजना महिलासहित दुईजना प्रतिनिधि | सदस्य |
| बाल संरक्षण तथा विकास शाखा प्रमुख, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सदस्य- सचिव |

**११.२.२ केन्द्रिय कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार**

क. बालविवाह अन्त्यसम्बन्धी कार्ययोजना तयार गर्ने।

ख. यस रणनीति तथा कार्ययोजनामा रहेका बालविवाह विरुद्धका कार्यक्रमहरूलाई संघ, प्रदेश र स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने।

ग. बालविवाह अन्त्य गर्न सञ्चालन भएका कार्यक्रमको अनुगमन गरी राष्ट्रिय समन्वय समितिमा प्रतिवेदन पेस गर्ने।

घ. समितिको बैठक कम्तीमा वर्षमा ६ पटक र आवश्यकतानुसार बस्न सक्नेछ।

ङ. बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

११.३ प्रदेश कार्यान्वयन समिति

प्रदेश तहमा बालविवाह अन्त्यका लागि प्रदेश बाल अधिकार समितिले प्रदेश कार्यान्वयन समितिको समेत काम गर्नेछ।

११.४ स्थानीय कार्यान्वयन समिति

स्थानीय तहमा बालविवाह अन्त्यका लागि स्थानीय बाल अधिकार समितिलेस्थानीय कार्यान्वयन समितिको समेत काम गर्नेछ।

## १२. वित्तीय स्रोत परिचालन

यस रणनीतिको कार्यान्वयनका लागि तीनै तहका सरकारले वार्षिक कार्यक्रममा समेटी बजेट विनियोजन गर्नु पर्नेछ। स्थानीय तहमा बालविवाह अन्त्यसम्बन्धी क्रियाकलाप सञ्चालनका लागि सङ्घ र प्रदेशबाट स्थानीय तहलाई वित्तीय स्रोत उपलब्ध गराउन सकिनेछ। यस रणनीतिको कार्यान्वयनका लागि नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, विकास साझेदार, निजी क्षेत्र र अन्य सरोकारवाला निकायसँग समन्वय, सहकार्य र साझेदारीमार्फत वित्तीय स्रोत परिचालन गर्नेछ।

## १३. अनुगमन, मूल्याङ्कनतथा प्रतिवेदन

यस कार्यमा संलग्न सरोकारवाला निकायले आआफ्नो तहबाट संयुक्त वा एकल रूपमा नियमित अनुगमन र यस रणनीति कार्यान्वयनको आवधिक मूल्याङ्कन गरिनेछ।

यो रणनीतिको कार्यान्वयनका लागि सरोकारवाला निकायले रणनीतिको कार्यान्वयनको लागिआफूले गरेको कामकारबाहीका सम्बन्धमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विकास गरेको एकीकृत प्रतिवेदन प्रणालीमार्फत नियमित रूपमा प्रतिवेदन गर्नुपर्नेछ।

## १४. जोखिम विश्लेषण

बालविवाह अन्त्यका लागि तिन वटै तहको सरकारको प्राथमिकताका साथलगानीसुनिश्चित नहुन सक्ने।

## १५. विविध

क. बालविवाह अन्त्यको लागि कार्य गर्ने सबै निकायहरूले यसै रणनीति तथा कार्ययोजनाको फ्रेमवर्कबमोजिम कार्य गर्नुपर्नेछ।

ख. प्रदेश सरकार र स्थानीय तहबाट स्थानीय परिवेश र आवश्यकताबमोजिमका विषयवस्तुहरू समावेश गर्नुपरेमा उक्त क्रियाकलापहरू समावेश भएको पुरक रणनीति तयार गरी लागु गर्न सकिनेछ।

सचिव

ग. मन्त्रालयले बालविवाह अन्त्यका लागि आवश्यक पर्ने प्रशिक्षण वा अभिमुखीकरण म्यानुअल तयार गर्नेछ। सोही म्यानुअल बमोजिम तीन वटै तहका सरकार, गैरसरकारी क्षेत्र र निजी क्षेत्रले आ-आफ्नो कार्यक्षेत्रमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नेछन्।

घ. यस रणनीतिले बालविवाह विरुद्धको रणनीति, २०७२ लाई प्रतिस्थापन गर्नेछ र सो बमोजिम भए गरेका काम कारबाहीहरू यसै रणनीति बमोजिम भएको मानिनेछ।

सचिव

# बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०८२ को कार्यान्वयन कार्ययोजना

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | अपेक्षित उपलब्धि | समय सीमा | स्रोत परिचालन |
|---|---|---|---|---|---|---|
| १. | बालविवाह अन्त्य गर्न नेपाल सरकारले घोषणा सम्बन्धी प्रक्रियाबारे मापदण्ड/ निर्देशिका निर्माण गर्ने। | राष्ट्रिय बाल अधिकार परिषद् | महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | मापदण्ड/निर्देशिका निर्माण भई लागु भएको हुने। | ५ महिना | नेपाल सरकार |
| २. | सबै प्रदेश र स्थानीय तहमा बाल अधिकार संरक्षण प्रणाली स्थापना गरी क्रियाशील बनाउने। | सबै प्रदेशहरू, सबै स्थानीय तहहरू | राष्ट्रिय बाल अधिकार परिषद् | सबै प्रदेश र स्थानीय तहमा बालसंरक्षण प्रणाली स्थापना भई क्रियाशील भएका हुने। | १ वर्ष | विकास साझेदार निकायहरू नागरिक सङ्घसंस्थाका सङ्गठनहरूले स्रोतमा साझेदारी गर्ने। |
| ३. | बाल हेल्पलाइन सेवा १०९८ लाई थप १८ स्थानमा विस्तार गर्ने। | प्रदेश सरकारहरू | राष्ट्रिय बालअधिकार परिषद् | हेल्पलाइनसेवा विस्तार भएको हुने। | ३ वर्ष | स्रोतमा साझेदारी हुने। |
| ४. | बालविवाहका घटनाबाट पीडित एवं प्रभावितहरूलाई कानूनी तथा मनोसामाजिक सहायतासेवा प्रदान गर्ने। | राष्ट्रिय बाल अधिकार परिषद्, स्थानीय तहहरू | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; गृह मन्त्रालय; स्वास्थ्यतथा जनसङ्ख्या मन्त्रालय | पीडित एवं प्रभावितहरूले सहायता सेवा प्राप्त गरेका हुने। | निरन्तर | स्रोतमा साझेदारी हुने। |
| ५. | बालविवाहको असर र प्रभावको विषय विद्यालयको पाठ्यक्रममा समावेश गर्ने। | स्थानीय तहहरू | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि | आधारभुत तहको विद्यालय पाठ्यक्रममा | २ वर्ष | स्रोतमा साझेदारी हुने। |



सचिव

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मन्त्रालय | समावेश भएको हुने। | | |
| ६. | सङ्घ, प्रदेश र सबै स्थानीय तहमा बाल संरक्षण सूचना व्यवस्थापन प्रणालीको स्थापना गरी कार्यान्वयनमा ल्याउने र सोही माध्यमवाट एकीकृत प्रतिवेदन तयार गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; राष्ट्रिय बाल अधिकार परिषद् | सबै प्रदेश सरकारहरू, सबै स्थानीय सरकारहरू, बालबालिकाको क्षेत्रमा कार्य गर्ने विकास साझेदार | **बाल अधिकार व्यवस्थापन सूचना प्रणाली** (CRMIS)र बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली (CPIMSप्रणाली कार्यान्वयनमा आएको हुने. | २ वर्ष | हाल निर्माण भईरहेको प्रणालीलाई Functional बनाउने। |
| ७. | बालविवाहलाई विश्वविद्यालय, अन्य अध्ययन अनुसन्धानको विषय बनाउन प्रोत्साहन गर्ने। | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; विश्वविद्यालयहरू | बालविवाहका सम्बन्धमा अध्ययन भै प्रतिवेदन तयार भएका हुने। | ३ वर्ष निरन्तर | स्रोतमा साझेदारी हुने। |
| ८. | नेपाल सरकारले बालविवाह अन्त्यका लागि देशव्यापी अभियान सञ्चालन गर्न सरोकारवालाको सहभागितामा अभियानका क्रियाकलाप पहिचान गरी कार्यान्वयनमा ल्याउने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; कानून, न्याय तथा संसदीय मामिला | राष्ट्रिय बालअधिकार परिषद्, गैरसरकारी संस्थाहरू | अभियानका क्रियाकलापहरू पहिचान भइ कार्यान्वयन भएका हुने। | १ वर्ष निरन्तर | स्रोतमा साझेदारी हुने। |



नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मन्त्रालय | | | | |
| ९. | बालविवाह अन्त्यसम्बन्धी तीनै तहका सरकारहरूले अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने। | सबै स्थानीय तहहरू | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; बालअधिकार परिषद; सबै प्रदेश सरकारहरू; सरोकारवाला I/NGOs | देशका विभिन्न स्थानीय तहमा अभियान सञ्चालन भएको हुने। | | स्रोतमा सबै तहका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको लागत साझेदारी हुनेछ। |
| १०. | बालविवाह अन्त्य गर्ने स्थानीय तहलाई नेपाल सरकारमार्फत प्रोत्साहन अनुदान उपलब्ध गराउने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | अर्थ मन्त्रालय | प्रतिवर्ष ५० स्थानीय तहलाई प्रोत्साहन अनुदान उपलब्ध भएको हुने। | पाँच वर्ष सम्म निरन्तर | नेपाल सरकार |
| ११. | सबै स्थानीय तहहरूमा बालविवाहको असर र प्रभावका सम्बन्धमा समुदायस्तरमा किशोर किशोरी क्लबहरूको सशक्तीकरण र परिचालन कार्यक्रम सञ्चालन गर्ने। | सबै स्थानीय तहहरू | स्थानीय गैसस तथा सामुदायिक सङ्गठनहरू | प्रत्येक स्थानीय तहमा बाल/किशोर किशोरी क्लबहरू परिचालन भएका हुने। | निरन्तर | स्रोतमा साझेदारी हुने। |
| १२. | जिल्लास्तरमा जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, अभिभावक, किशोरकिशोरी, पुरुष समूह, पुरुष सञ्जाल, धार्मिक तथा सामाजिक अगुवाहरू, धर्मगुरुहरू, सरकारीप्रतिनिधि, समाजका अगुवा, बालबालिका, अभिभावक,पार्टी प्यालेस सञ्चालक,तथा कपडा विवाहका गहना | स्थानीय तहहरू; राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार; नेपाल प्रहरी; गैरसरकारी संस्थाहरू; स्थानीय उद्योग वाणिज्य सङ्घहरू | सबै जिल्लामा सरोकारवाला सुसूचित भएका हुने। | २ वर्ष | सबै पक्षसँग लागत/स्रोतमा साझेदारी हुने। |

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | गर्ने निजी व्यापारीक लगायतका व्यक्तिहरूसँग समय समयमा सर्वपक्षीय सम्वादका कार्यक्रम सञ्चालन गर्ने। | | | | |
| १३. | माध्यमिक विद्यालयहरूमा नियमित सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | सबै विद्यालयहरू | प्रदेशमाशिक्षा तथा सामाजिक विकास क्षेत्र हेर्ने मन्त्रालयहरू,स्थानीय तहहरू, शिक्षक अभिभावक सङ्घहरू, शिक्षक सङ्घसङ्गठनहरू | सबै मा.वि. हरूमा अतिरिक्त क्रियाकलापहरूस ञ्चालन भएका हुने। | | |
| १४. | बालविवाहको रोकथाम, बाल अधिकार र बालविवाह गरेमा हुने कसूर तथा सजायसम्बन्धी विद्यमान कानूनी व्यवस्थाका सम्बन्धमा स्थानीय भाषामा सामुदायिक रेडियो तथा अन्य सञ्चार माध्यमहरूबाट प्रचारप्रसार गर्ने। | राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश सरकारका सम्बन्धित मन्त्रालयहरू | सार्वजनिक रूपमा असल छवी भएका सेलीब्रेटीहरू, मिडियाहरू | सामुदायिक रेडियोहरूबाट | छ महिनाभित्र प्रारम्भ गरी निरन्तर | स्रोतमा साझेदारी हुने। |
| १५. | केन्द्रियस्तरमा राजनीतिक दलका नेतृत्व, विभिन्न धर्मका धार्मिक अगुवाहरू, विभिन्न क्षेत्रका सेलिब्रेटीहरू तथा मोटिभेटरहरू परिचालन गर्ने तथा अन्य उच्चतहका प्रतिनिधिहरूसँग अन्तरक्रियासहित व्यक्तिगत र सामुहिक प्रतिवद्धता | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय बाल अधिकार परिषद्, राजनीतिक दलहरू, निर्वाचन आयोग | वार्षिक रूपमा कार्यक्रम सञ्चालन भएका हुने। | ५ वर्ष सम्म वार्षिक रूपमा निरन्तर | स्रोतमा साझेदारी हुने। |



नेपाल सरकार ... सिंहदरबार, काठमाडौं

सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | |
| १६. | राष्ट्रिय समन्वय समितिको बैठक सञ्चालन र प्रगती समीक्षा | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय बाल अधिकार परिषद् | बैठक सञ्चालन भएको हुने। | आवश्यकतानुसार | नेपाल सरकार |
| १७. | केन्द्रिय, प्रदेश र स्थानीय कार्यान्वयन समितिको बैठकसञ्चालन र प्रगति समीक्षा | सम्बन्धित सङ्घीय, प्रदेश मन्त्रालय र स्थानीय तहहरू | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय;राष्ट्रिय बाल अधिकार परिषद् | बैठकहरूसञ्चालन भएका हुने। | आवश्यकतानुसार | प्रदेश सरकार<br>स्थानीय तहहरू<br>र अन्य सङ्घसंस्थाहरूसँग स्रोतमा साझेदारी हुने। |
| १८. | अनलाइनतथा सामाजिक सञ्जालवाट हुने बालविवाहसम्बन्धी घटनालाई कानूनी दायरामा ल्याउने।<br>-अनलाइन तथा सामाजिक सञ्जालमार्फत बालविवाहलाई प्रोत्साहित गर्ने व्यक्तिलाई कानून बमोजिम कारबाही गर्ने। | जिल्ला प्रशासन कार्यालय र नेपाल प्रहरी | गृह मन्त्रालय,<br>सूचना तथा सञ्चार प्रविधि मन्त्रालय,<br>राष्ट्रिय बाल अधिकार परिषद् | बालविवाहलाई प्रोत्साहित गर्नेहरू कानूनको दायरामा आएका हुने। | निरन्तर | नेपाल सरकार |
| १९. | बालविवाह अन्त्यसम्बन्धी भएका असल कार्यलाई प्रचारप्रसार गर्ने। | राष्ट्रिय बालअधिकार परिषद् | प्रदेश मन्त्रालयहरू,<br>सञ्चारमिडिया,<br>गैससहरू, | प्रदेशस्तरमा असल कार्यहरूको आदानप्रदानका कार्यक्रम सञ्चालन भएका | निरन्तर | स्रोतमा साझेदारी हुने। |



नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | हुने। | | |
| २०. | जवरजस्ती बालविवाहवाट पीडित बालबालिकालाई उद्धार र पुनर्स्थापनाका लागि स्वास्थ्य सेवा सहित जिविकोपार्जनका क्रियाकलापहरू सञ्चालन गर्ने। | सम्बन्धित प्रदेश सरकार | राष्ट्रिय बालअधिकार परिषद्,सम्बन्धित जिल्लाका सेफहाउसहरू,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसस | लक्षित कार्यक्रमहरूसञ्चालन भएका हुने। | निरन्तर | स्रोतमा साझेदारी हुने। |
| २१. | बालविवाह अन्त्यका लागि चेतनामूलक सामग्रीको उत्पादन तथा वितरण गर्ने। | राष्ट्रिय बालअधिकार परिषद् | - गैससहरू | जनचेतनामूलक सामग्रीहरू सर्वत्र उपलब्ध भएका हुने। | निरन्तर | स्रोतमा साझेदारी हुने |
| २२. | बालविवाह विरुद्धका श्रव्यदृष्य सामग्रीहरू निर्माण गरी सामाजिक सञ्जालमार्फत प्रकाशन/ प्रशारण गर्ने। | राष्ट्रिय बालअधिकार परिषद् | गैससहरू<br>किशोर किशोरीक्लबहरू<br>सञ्चारमिडियाहरू | सामाजिक सञ्जालहरूमा बालविवाहलाई निरुत्साहित हुने सामग्री प्रसारण भएका हुने। | निरन्तर | स्रोतमा साझेदारी हुने |
| २३. | अभियानको सफलता र प्रोत्साहनका लागि सञ्चालित अभियान तथा कार्यक्रमहरूको केन्द्रिय, प्रदेश तथा स्थानीय तहको उच्चस्तरीय तथा नियमित अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकारका सम्बन्धित | सरोकारवाला सबै निकाय र तहहरू | सम्बन्धित निकायवाट नियमित अनुगमन भएको हुने। | निरन्तर | नेपाल सरकार,<br>प्रदेश सरकार,<br>स्थानीय तहहरू<br><br>आवश्यकतानुसार स्रोतमा साझेदारी हुने। |



सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मन्त्रालय; स्थानीय बाल अधिकार समितिहरू | | | | |
| २४. | बालविवाह अन्त्यका लागि अभिमुखीकरण म्यानुअल तयार गरी एकरूपता ल्याउने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय बालअधिकार परिषद र सरोकारवाला I/NGOs | म्यानुअल तयार भएको हुने। | ६ महिनाभित्र | नेपाल सरकार |
| २५. | आवश्यकताका आधारमा रणनीतिमा सुधार तथा परिमार्जन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय बालअधिकार परिषद | आवश्यकतानुसार नीतिमा समसामयिक सुधार भएको हुने। | आवश्यकतानुसार | नेपाल सरकार |

सचिव